# नेपाल इन्भेष्टमेण्ट बैंक लि.
# NEPAL INVESTMENT BANK LTD.

*Truly a Nepali Bank*

(नेपाल राष्ट्र बैंकबाट "क" वर्गको इजाजत पत्र प्राप्त संस्था)

केन्द्रिय कार्यालय, दरवारमार्ग, काठमाण्डौं ।
फोन नं : ४२२८२२९, फ्याक्स नं : ४२२६३४९, ४२२८९२७
इमेलः info@nibl.com.np / वेभसाइट : www.nibl.com.np

को

## संस्थापक समूहको शेयर बिक्री गर्ने बारेको सूचना

**आवेदन पेश गर्ने शुरु मिति : २०७६/२/१६ गते**
**आवेदन पेश गर्ने अन्तिम मिति : २०७६/२/२३ गते**

नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको संस्थापक समूहको प्रति शेयर रु.१००/- अंकित दरको जम्मा २,१४,६१० कित्ता शेयर बिक्री गर्ने भएको हुंदा उक्त शेयरहरु खरीद गर्न संस्थापक शेयरधनी/बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयर खरिद गर्न योग्य अन्य व्यक्ति, कम्पनी, संघ, संस्थाहरुले **मिति २०७६ साल जेष्ठ महिना २३ गते** भित्र **एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाडौं**मा आइपुग्ने गरी प्रतिकित्ता के कति दर रेटमा लिन कबुल गर्ने हो तपसिलमा उल्लेखित शर्तहरुको अधीनमा रही गोप्य शिलबन्दी आवेदन पेश गर्न आह्वान गरिन्छ ।

**बिक्री गरिने संस्थापक शेयर : २,१४,६१० कित्ता**

**शर्तहरुः**

१. आवेदन फाराम रु.५००/- भुक्तानी गरी एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौबाट प्राप्त गर्न सकिनेछ ।

२. आवेदन फाराममा आफूले लिन चाहेको शेयर कित्ताको दररेट अंक र अक्षरमा स्पष्टसंग लेख्नु पर्नेछ । अंक र अक्षरमा लेखेको फरक भएमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ । केरमेट भएको ठाउँमा दस्तखत गर्नु पर्नेछ ।

३. शेयर खरीदको लागि आवेदन गर्दा न्यूनतम ३००० (तीन हजार) कित्ताको लागि आवेदन दिनु पर्नेछ भने अधिकतम शेयर संख्याको लागि कुनै हद लाग्ने छैन । तर शेयर खरीद गर्न आवेदन गरेको कुल शेयर कित्ता जोड्दा नेपाल राष्ट्र बैंकले एउटा व्यक्ति, एकाघर परिवारका सदस्य वा संस्थाले खरीद गर्न वा राख्न पाउने भनी तोकेको अधिकतम संख्या सीमा भन्दा बढी नहुने गरी आवेदन पेश गर्नु पर्नेछ । दशमलवमा (खण्डित रुपमा) आउने गरि शेयर आवेदन गर्न पाइने छैन ।

४. **शेयरको न्युनतम मुल्य प्रति शेयर रु ३००/- (अक्षरेपी तीन सय)** तोकिएको हुँदा सो वा सोभन्दा बढी मुल्य अंकित गरि आवेदन दिनु पर्नेछ ।

५. शिलबन्दी खाम बाहिर "**नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको संस्थापक शेयर खरीद आवेदन**" उल्लेख भएको हुनु पर्नेछ । शिलबन्दी आवेदन लाहाछाप गरिएको हुनु पर्नेछ ।

६. खरिद कर्ताले आफूले खरीद गर्न चाहेको शेयरको धरौटी वापत जम्मा मूल्यको शत् प्रतिशत वरावरको रकम **एनआईबिएल एस क्यापिटल लिमिटेड**को नाममा खिचिएको Good for Payment Cheque संलग्न गरी आवेदन पेश गर्नु पर्नेछ । आवेदकले पेश गरेको Good for Payment Cheque लाई **एनआईबिएल एस क्यापिटल लिमिटेड**को बैंक खातामा जम्मा हुने गरि Clearing गर्ने व्यवस्था मिलाइने छ । साथै छनौटमा नपरेका आवेदकहरुको रकम फिर्ता भुक्तानी IPS मार्फत गर्ने व्यवस्था मिलाइने छ ।

७. प्राप्त आवेदनहरु मध्ये छनौट भएका आवेदनहरु स्वीकृतिको लागि नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको संचालक समिति समक्ष पठाईनेछ र नेपाल इन्भेष्टमेण्ट बैंकको संचालक समिति मार्फत आवश्यक प्रकृया पुरा गरि नेपाल राष्ट्र बैंकको स्वीकृती लिनुपर्ने भएमा लिई सोको जानकारी छनौट भएका आवेदकलाई गराईनेछ । यस्तो जानकारी आवेदकले उपलब्ध गराएको ठेगानामा हुलाक, कुरियर वा विद्युतिय संचार माध्यम मार्फत पठाईनेछ ।

८. शेयर खरीदगर्न ईच्छुक खरिदकर्ताले नेपाल राष्ट्र बैंकबाट संस्थापक शेयरधनीको लागि तोकिएको Fit & Proper Test (अनुसूचि ३) को विवरण, कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश नभएको प्रमाणित हुने कागजात, आयश्रोत खुल्ने कागजातको प्रतिलिपि, स्थायी लेखा नं. को प्रमाणपत्रको प्रतिलिपी, पछिल्लो आ.ब. को कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

९. सबैभन्दा बढी दर रेटमा खरिद माग गर्ने आवेदकलाई शेयर बिक्री गरिनेछ । यसबाट पनि शेयर बाँकी रहेमा त्यस पछिको बढी दर रेटमा खरिद माग गर्ने आवेदकलाई बिक्री गरिनेछ ।

१२. ईच्छुक लगानीकर्ताहरुले आवेदनमा हितग्राही खाता नं. र बैंक खाता नं. अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ ।

१३. कुनै शर्त राखी पेश गरेको आवेदनलाई मान्यता दिईने छैन । म्याद नाघी आएको वा रित नपुगेको आवेदन उपर पनि कुनै कारवाही गरिने छैन ।

१४. आवेदक संगठित संघ/संस्था/कम्पनी भएमा दर्ता प्रमाणपत्र, कर चुक्ता प्रमाण-पत्र तथा शेयर खरीद गर्ने सम्बन्धमा सो संस्थाको संचालक समितिको निर्णयको प्रतिलिपि समेत पेश गर्नु पर्नेछ । साथै उक्त संस्था नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्थालाई जारी निर्देशन अनुसार संस्थापक शेयर खरिद गर्न योग्य हुनु पर्नेछ ।

१५ शेयरको आवेदन मिति २०७६/२/२३ गते कार्यालय समयभित्र एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा दर्ता भई सक्नु पर्नेछ ।

१६. मिति २०७६/२/२४ गते बिहान १०:३० बजे एनआईबिएल एस क्यापिटल लिमिटेड, लाजिम्पाट, काठमाण्डौंमा प्राप्त आवेदनहरु खोलिने छ । उक्त दिन बिदा परेमा कार्यालय खुलेको दिनको अपरान्ह ३:०० बजे खोलिनेछ ।

१७. नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडबाट स्वीकृती आए पश्चात संस्थापक शेयर खरिद विक्रि गर्नको लागि एनआईबिएल एस क्यापिटल लिमिटेडले तोकेको शेयर दलाल मार्फत कारोवार गरिनेछ । साथै शेयर नामसारी गर्दा खरीदकर्ताको तर्फबाट भुक्तानी गर्नु पर्ने शुल्क समेत स्वयं खरीदकर्ताले भुक्तानी गर्नु पर्नेछ ।

NIBL ACE CAPITAL
Managing shares. Managing investments.

wholly owned subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.

**आवेदन बुझाउने स्थान:**

**एनआईबिएल एस क्यापिटल लिमिटेड**
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com, Website: www.niblcapital.com
**(साविक एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड तथा साविक एस क्यापिटल लिमिटेड)**

२०७६ जेठ १६ गते आर्थिक अभियान दैनिकमा प्रकाशित